## सूचना २

श्री ५ को सरकारले मिति २०४२।६।२८ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी (उप-सचिवस्तर), पञ्चायत तथा स्थानीय विकास मन्त्रालयका श्री गोविन्दलाल श्रेष्ठलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७. २ (२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७. २ (१) बमोजिम मिति २०४२।७।१२ देखि लागू हुने गरी स्वेच्छिक अवकाश दिएको छ ।

आज्ञाले,
श्यामकुमार प्रधान
सह-सचिव

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४२।७।२१ को निर्णयानुसार यस मन्त्रालयको वन विभागअन्तर्गत देहायबमोजिमका जिल्ला वन कार्यालयहरू स्थापना गरिएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) श्री ताप्लेजुङ जिल्ला वन कार्यालय,
(ख) श्री खोटाङ जिल्ला वन कार्यालय,
(ग) श्री महोत्तरी जिल्ला वन कार्यालय,
(घ) श्री भक्तपुर जिल्ला वन कार्यालय,
(ङ) श्री रसुवा जिल्ला वन कार्यालय,
(च) श्री मनाङ जिल्ला वन कार्यालय,
(छ) श्री पर्वत जिल्ला वन कार्यालय,
(ज) श्री रोल्पा जिल्ला वन कार्यालय,
(झ) श्री डोल्पा जिल्ला वन कार्यालय,
(ञ) श्री जाजरकोट जिल्ला वन कार्यालय ।

आज्ञाले,
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८२